# पंचायत मन्त्रालयको कार्यनीति

प्रकाशक :

पञ्चायत मन्त्रालय
तालीम सामग्री उत्पादन केन्द्र
नारायण भवन, जावलाखेल ।

.6
OP

# पंचायत मन्त्रालयको
# कार्यनीति

प्रकाशक :
पञ्चायत मन्त्रालय
तालीम सामग्री उत्पादन केन्द्र
नारायण भवन, जावलाखेल ।

२०३२, असार– ५०० प्रति

7899

मुद्रकः– आदर्श छापाखाना, थापाथली, काठमाडौं । फोन नं. १३४१४

# कहाँ के छ ?

पञ्चायत मन्त्रालयको राजनीतिक उद्देश्य १
पञ्चायत मन्त्रालयको कार्यनीति १
निर्दिष्ट उद्देश्य २
पञ्चायत राजनीतिको विकास २
संवर्धनात्मक कार्य २
राजनैतिक परिचालन २
चुनाव प्रणालीमा सुधार २
मौलिक आधारभूत सिद्धान्त ३
प्रचार प्रसार ३
संगठनात्मक व्यवस्था ४
न्यूनतम कार्यक्रमको व्यवस्था ५
वर्गहित सम्बन्धी वर्गीकरण ५
नेपाल किसान संगठन ५
नेपाल युवक संगठन ५
नेपाल महिला संगठन ५
नेपाल मजदूर संगठन ६
नेपाल भूतपूर्व सैनिक संगठन ६
आर्थिक व्यवस्था ६
समन्वयको व्यवस्था ६
संरक्षणात्मक कार्य ७
मुकाबिला ७
जनतामा हौसला र मनोबल ८
तालीमको व्यवस्था ९

पञ्चायत क्षेत्रको योजना ९
भौतिक एवं आर्थिक विकास १०
मानवीय विकास १०
दुर्गम क्षेत्रको विकास ११
समाज कल्याण कार्य ११
स्थानीय स्रोतको परिचालन १२
मन्त्रालयको कार्य सिद्धान्त १३
कार्यक्रम संचालन, माध्यम तथा विधि १४
पञ्चायत एवं अन्य मन्त्रालयहरू १४
जन प्रतिनिधि संस्थाहरू १४
अन्य समाज कल्याणकारी संस्थाहरू १५
पञ्चायत प्रशिक्षण केन्द्रहरू १५
अनुसन्धान शाखा १७
विविध १९

पञ्चायत व्यवस्थाका व्यावहारिक समस्याहरू २१
राष्ट्रिय पञ्चायत सम्बन्धी २१
जिल्ला पञ्चायत सम्बन्धी २२
गाउँ पञ्चायत सम्बन्धी २२
वर्गीय संगठन सम्बन्धी २३
विकास कार्यक्रम सम्बन्धी २३

# भूमिका

दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीका आफ्ना मौलिकताहरू छन् । नैसर्गिक आवश्यकताका अनुरूप आएको यस व्यवस्थाको संक्षिप्त राजनैतिक विश्लेषण यस सन्दर्भमा हुनु आवश्यक देखिन्छ ।

नेपालको जन-जीवनमा भिजिसकेका परम्पराहरूका आफ्ना स्थान छन् र त्यसका आफ्ना प्रभाव र देनहरू छन् । राजा र प्रजाको राजनैतिक र सामाजिक सम्बन्ध सदैव वात्सल्यपूर्ण रही रह्यो । सामन्तवादको एक शताब्दीमा पनि राजाको प्रजासँग र प्रजाको राजा प्रति स्नेह, श्रद्धा, आशा र विश्वासका घनिष्ट सम्बन्ध अक्षुण्ण रहे । यी सम्बन्धहरूका फलस्वरूप २००७ सालमा स्व. श्री ५ त्रिभुवनले शताब्दीको शोषणबाट जनताको उद्धार गरी बक्स्यो र आफ्ना प्रजालाई प्रजावत्सलबाट अधिराज्यको कार्य सञ्चालन गर्न संसदीय व्यवस्था बक्स्यो । तर थोरै समयमा हाम्रो भौगोलिक स्थिति, सामाजिक गठन, ऐतिहासिक पृष्ठभूमि, धार्मिक परम्परा, प्रजावत्सलको वात्सल्यपूर्ण सक्रिय नेतृत्वको अपेक्षा गर्ने हाम्रो समाज, हाम्रो आर्थिक अवस्था र राजनैतिक आवश्यकताको पूर्ति गर्नमा बाहिरबाट प्रभावित र सञ्चालित त्यो विदेशी व्यवस्था बिल्कुल असमर्थ मात्र होइन, हानिकारक प्रमाणित हुँदै गयो र त्यो व्यवस्था राष्ट्र र राष्ट्रियता एवं राष्ट्रिय अखण्डताका अतिरिक्त स्वतन्त्रता र सार्वभौमिकताका लागि घातक सिद्ध भएकोले राजमुकुटको उद्धारक परम्परा दोहोरियो र स्व. श्री ५ महेन्द्रबाट राष्ट्रको सर्वोपरि हित र संरक्षण, नेपाल र नेपालीको अस्तित्व तथा अधिराज्यको सार्वभौमिकतालाई अक्षुण्ण राख्न २०१८ सालमा दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको जग हालिबक्स्यो । नेपालीको सर्वोत्तम हित र समुन्नतिका लागि

लोक सम्मतिको अनुकूल शासन व्यवस्था चलाउन सम्विधान बक्स्यो पनि । नेपालको यस मूल कानूनले शोषणरहित समाजको परिकल्पना गरेको छ । समन्वयको आधारशिलामा खडा भएको हाम्रा कार्यक्रमहरूले वर्ग समन्वय र विकेन्द्रीकरणका सिद्धान्तहरूलाई अंगालेका छन् ।

विभिन्न आर्थिक स्थितिमा आधारित जुनसुकै राजनैतिक प्रणालीको अध्ययन गर्दा देशको भौगोलिक स्थिति, ऐतिहासिक पृष्ठभूमि, धार्मिक एवं सामाजिक मान्यताहरूको सिंहावलोकन हुनु आवश्यक हुन्छ । दुई विशाल देशहरूका बीचमा बसेको सानो नेपालको स्थिति विश्वका लागि अनौठो छ । यसका आफ्ना गुण र दोषहरू पनि छन् । असंलग्नता र मैत्रीपूर्ण सम्बन्धबाट मात्र बच्न सक्ने हाम्रो स्थितिको राजनैतिक विश्लेषण गर्दा उदासीन रहन सकिंदैन । इतिहासको सन्दर्भमा अतीतका पाना पल्टाइएमा दलविहीन प्रजातान्त्रिक पञ्चायतमा सक्रिय नेतृत्व प्रदान गर्ने राजमुकुटमाथि जनताको अगाध श्रद्धा, भक्ति र विश्वास छ । राष्ट्रको आशाको केन्द्रबिन्दु नै राजमुकुट रहिआएको छ । राजा र प्रजामा एक अविच्छिन्न, अविरल र स्नेहपूर्ण सम्बन्ध स्थापित छ । राजमुकुटले समस्त नेपाल अधिराज्यको संगठित शक्तिबाट प्रतिबिम्बित गर्दछ । हाम्रो सार्वभौमिकता र राष्ट्रिय एकताको प्रतीक राजमुकुट पाश्चात्य विचारधाराका लागि असमन्जसपूर्ण भए पनि वास्तवमा हाम्रो राजा सामाजिक एकताको मात्र होइन धार्मिक सहिष्णुता, आस्था र विश्वासका पनि प्रतीक होइ-बक्सिन्छ । ऐतिहासिक पृष्ठभूमि, धार्मिक अक्षुण्णता, सामाजिक एकता र समन्वयको आधारशिलामा आधारित राजनैतिक नेतृत्व सबल, सक्षम, प्रभावकारी र संघर्षविहीन भएको हुनाले दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीलाई समन्वयको आधार दिन सकिएको र त्यसैको सबल नेतृत्वबाट सञ्चालित नेपालीले भूमिसुधार तथा मुलुकी ऐन जस्ता क्रान्तिकारी कार्यक्रम लागू गर्न सकिएका छन् र समन्वयको आधारमा सम्पन्न पनि हुँदै आएका छन् । नेपालीले आफ्ना सर्वोच्च नेताले दिएका कार्यक्रम स्वीकार गर्न कहिल्यै पनि असमन्जस मानेको छैन र कार्यक्रम पाएपछि सक्रियतापूर्वक सम्पन्न गर्ने प्रयास गरेको पनि छ । कार्य सम्पादनमा परेका कठिनाइहरू र रहन गएका त्रुटिहरूको आधारमा व्यवस्था अथवा त्यसका समस्त कार्यक्रमलाई दोष दिन मिल्दैन ।

नेपाली समाजको सर्वोपरि भएपनि अभिन्न अङ्ग राजमुकुटबाट नेपाली समाजको उद्धार र संरक्षण भै रहनु नेपाली मात्रको सौभाग्यको कुरा हो । यस्तो पवित्र, अलभ्य र प्रभावकारी अङ्गको सुरक्षा गर्नु नेपाली मात्रको कर्तव्य पनि हो । आज विभिन्न विकासोन्मुख राष्ट्रहरूले नेतृत्व खोजेर हिंड्नु परेको छ । राष्ट्रको सर्वतोमुखी विकासको क्रममा नेतृत्वको अभावमा ती राष्ट्रहरू अल्मलिएका छन् । यो स्थायी, संस्थागत र सर्वोपरि नेतृत्व नेपालको विशेषता हो । नेतृत्वको लागि संघर्ष र होडमा व्यस्त रहेको वर्तमान विश्वमा देशको माया गर्ने, जनताको माया गर्ने र राष्ट्रको माया गर्ने राजमुकुटको सर्वोपरि नेतृत्व पाउनु नेपालीका

लागि वरदान सिद्ध भएको छ । व्यवस्थाका विभिन्न निकायहरूबाट स्वतः जनभावना सङ्कलित हुने व्यवस्था हुनु पर्दछ, जन आकांक्षा सङ्कलित भई केन्द्रित हुने स्वचालित प्रक्रिया रहनु पर्दछ र केन्द्रबाट त्यो निसृत हुने पनि क्रम अविरल नै रहनु पर्दछ । यी प्रक्रियाहरूको सामान्य व्यवस्था नभएको पनि होइन तर अधिकारप्रति उत्सुक र कर्तव्यप्रति उदासीन रहने प्रक्रिया र बीच बीचमा विभिन्न विचारधारा र प्रभावबाट प्रेरित व्यक्तिहरूले गर्दा विकृत रूपरेखा प्रस्तुत नभएको पनि होइन । अतः यस पृष्ठभूमिमा दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको हाम्रो मौलिक विशेषताहरूका आधारमा विश्लेषणात्मक अध्ययन मनन्, प्रचार, प्रसारको आवश्यकता तथा यसै पृष्ठभूमि र आधारशिलामा वस्तुस्थितिको निष्पक्ष अध्ययनको अनिवार्यतालाई पर सारी बस्न नहुने गंभीर स्थितिलाई स्वीकार गर्नु परेको छ । वस्तुस्थितिबाट टाढा गई संघर्षको आधारशिलामा खडा भएका विभिन्न राजनैतिक प्रणाली सम्बन्धी विचारधाराबाट प्रभावित र उत्प्रेरित भई तिनको दृष्टिकोणबाट हाम्रो व्यवस्थाको विश्लेषण र तत्सम्बन्धी विभिन्न कार्यक्रमहरूको विवेचना गर्दा वैचारिक विभ्रम हुने र जनतामा भ्रम फैलिनु स्वाभाविक भएको हुँदा हाम्रो व्यवस्थाको आधारभूत सिद्धान्तलाई नै पहिल्याउन नसकी अलमलमा परेकाहरूको सोचाइ फेर्नु परेको छ ।

अहिले विश्वका प्रगतिशील देशहरूले बदलिंदो परिस्थितिमा समयको मागको पूर्ति गर्न सकेका छैनन् । संसदीय व्यवस्थामा परिहासपूर्ण प्रदर्शन विकासोन्मुख राष्ट्रहरूमा यत्रतत्र देखा परिरहेका छन् । अन्तर्राष्ट्रिय अर्थतन्त्रमा परेको दबाव र ठाउँ ठाउँमा देखा परेका राजनैतिक तनावको पर्ने प्रभावका अतिरिक्त देशभित्र पञ्चहरूका साथसाथै प्रशासनमा पनि शिथिलता आउँदै गैरहेको छ । ठाउँ-ठाउँमा असन्तोष व्याप्त छ, महङ्गी बढ्दै गएकोमा प्रशासन असमर्थ छ । यी राजनैतिक संगठनहरू सघाउ पुर्‍याउने ठाउँमा दायित्व हुन गएका छन् । पञ्चायत र वर्गीय संगठनका तहहरूमा मूलभूत आदर्शको विपरीत भाषण, गोष्ठीको क्रम जारी छ । राजनीतिक रङ्ग मञ्चमा एकपटक अफाप सिद्ध भइसकेको प्रणालीकै दुहाई दिइन्छ भने स्थितिले सीमा उल्लंघन गर्न लागेको सम्झी दरिलो पाइला चाल्नु पर्ने अनिवार्यता महसूस गरिएको छ ।

राजनैतिक परिचालनको लागि निर्दिष्ट इकाईहरू निष्क्रिय छन् र आपसमा कै झगडामा लागेका छन् । कार्यक्रमको अभावमा यत्रतत्र साना ठूला घटनाहरू भइरहेका छन् । संस्थात्मक विकासको क्रममा आउन खोजेका दोषहरूको निराकरण र आदर्शहरूको समक्ष प्रतिपादन समयमा नै गरिएन भने संस्थात्मक आदर्शको सम्वर्द्धक तत्व नै कमजोर हुँदै जान्छन् । अतः सक्षम प्रशासन र सबल तथा नैतिक राजनैतिक पक्षको अहिले देशले खाँचो महसूस गर्दै आएको बेलामा चुनौतिलाई सामना गर्नु पर्ने कुराप्रति उदासीन रहनु हुँदैन र यी घटनाक्रमहरूलाई आफ्नो बाटो आफैं लिंदै जान दिन पनि हुँदैन । बाहिरबाट हुने

आक्रमणहरूको प्रतिरोध र आन्तरिक स्थायित्वका लागि चाहिंदो मात्रामा राजनैतिक परिचालनको अनिवार्यताप्रति उदासीन रहनु हुँदैन । राजाको अलभ्य नेतृत्वलाई अचानो बनाउने प्रयास, सामन्जस्यको ठाउँमा विरोध, समन्वयको ठाउँमा संघर्ष चिन्ताको विषय हुन गएका छन् ।

साना इकाईदेखि सम्पूर्ण अधिराज्यको राजनीतिलाई सबल, सक्षम र सक्रिय राख्न राजनैतिक कार्यक्रमको आवश्यकता पर्दछ । समयको माग अनुसार तात्कालिक र दीर्घकालीन कार्यक्रमहरू बनाइन्छन् । सक्रिय र सबल राजनीतिक कार्यक्रमको अभावमा व्यवस्थाका विभिन्न इकाईहरू शिथिल र निष्क्रिय हुँदै जान्छन् ।

यी विभिन्न राजनीतिक समस्याहरूको ईमान्दारीपूर्वक अध्ययन र विवेचना गरी विभिन्न निकायहरूसँग समझदारी र सम्बन्धका अतिरिक्त विभिन्न कार्यक्रमहरूको रूपरेखा प्रस्तुत गरी त्यसको सञ्चालन र सम्पादन गर्ने गराउने अभिभारा श्री ५ को सरकारको पञ्चायत मन्त्रालयको हुनेछ । विकासको निमित्त राजनीतिको सन्दर्भमा सबै पञ्चायतहरू र पञ्चहरूको कर्तव्य नै मुलुकको सर्वाङ्गीण विकासमा योगदान दिनु हो । तसर्थ हाम्रो नीति पनि पञ्चहरूलाई विभिन्न पक्षीय विकासमा सरीक गराउँदै लैजानु हुनेछ ।

# पंचायत मंत्रालयको राजनीतिक उद्देश्य निम्न बमोजिम हुनेछ

१. दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीका मौलिक आधारहरू र लक्ष्यहरूको राजनैतिक विश्लेषण गर्ने गराउने ।

२. व्यवस्थाको अनुरूप राजनैतिक विकासका लागि व्यापक कार्यक्रमको रूपरेखा तयार गर्ने गराउने ।

३. व्यवस्थाका विभिन्न तहका पञ्चायत तथा वर्गीय संगठनहरूको संस्थात्मक विकास गर्दै लैजाने राजनैतिक कार्यक्रमहरूको तर्जुमा गरी ती कार्यक्रमहरू योजना वद्ध रूपबाट कार्यान्वयन गर्ने गराउने ।

४. मुलुकको चौतर्फी विकासको क्रममा व्यवस्थाको सैद्धान्तिक एवं व्यावहारिक पक्ष बारे पंचहरूमा वैचारिक एकरूपता तथा सामन्जस्य स्थापित गर्दै लैजाने किसिमका राजनैतिक कार्यक्रमहरू संचालन गर्ने गराउने ।

५. व्यवस्थाको संस्थात्मक विकासमा आइपर्ने कतिपय बिघ्न बाधाहरू तथा तत्सम्बन्धी अन्य समस्याहरूलाई राजनैतिक ढंगबाट समाधान गर्ने किसिमका कार्यक्रमहरू संचालन गर्ने गराउने ।

६. पञ्चायतको सैद्धान्तिक एवं राजनैतिक पक्ष बारे प्रशिक्षणको माध्यमबाट जनतामा अझ बढी जागरूता उत्पन्न गराउने कार्यक्रम सञ्चालन गर्ने गराउने । व्यवस्थाको मौलिकता, आधारभूत सिद्धान्त र उपलब्धिहरूको प्रचार, प्रसार गर्ने र त्यसकालागि अनुकूल वातावरणको सृजना गर्ने ।

८. व्यवस्था सम्बन्धी र त्यस अन्तर्गतका निकायहरूसंग समझदारीको वृद्धि एवं सामान्जस्यपूर्ण सम्बन्धको स्थापना गराउने ।

## पञ्चायत मन्त्रालयको कार्यनीति

राजमुकुटको सबल, सक्रिय र गतिशील नेतृत्व र संरक्षकत्वमा, वर्ग समन्वय र

विकेन्द्रीकरणको माध्यमद्वारा दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको मूलभूत लक्ष्य शोषणरहित समाजको स्थापना गर्नु हो । उक्त लक्ष्य प्राप्तिकालागि राजनैतिक, आर्थिक तथा सामाजिक योजनाहरूको रूपरेखा तयार गरी कतिपय कार्यक्रम संचालन भैरहेका छन् ।

पञ्चायत प्रणालीको संस्थात्मक विकास र पञ्चायतको माध्यमबाट जनशक्तिको परिचालन गरी मुलुकको चौतर्फी विकास गर्न प्रशासकीय तथा राजनैतिक दुवै रूपबाट निरन्तर टेवा पुऱ्याउन आवश्यक छ । मुलुकको चौतर्फी विकासको निमित्त पञ्चायत प्रणालीको विभिन्न पक्षमा दृष्टि पुऱ्याई र राजनैतिक दृष्टिकोणबाट विशेष तदारुकताकासाथ जनशक्तिको परिचालनद्वारा व्यवस्थालाई स्थायित्व प्रदान गर्ने पञ्चायत मन्त्रालयको भूमिका हुन आएको छ ।

निर्दिष्ट उद्देश्यः-

उपर्युक्त मूल उद्देश्यप्राप्तिका लागि केही निर्दिष्ट कार्यक्रमहरू पूरा गर्नु पर्ने आवश्यकता पर्दछ र जसको अन्तर्गत निम्न लिखित पक्षहरू समावेश गरिएका छन्ः-

## पञ्चायत राजनीतिको विकास

व्यवस्थाको मूलभूत लक्ष्य प्राप्त गर्न राजनैतिक दृष्टिकोणबाट जनशक्तिलाई प्रभावकारी रूपमा परिचालन गर्न गराउन र संस्थात्मक विकासमा आइपर्ने समस्या र बाधाहरू वैज्ञानिक विश्लेषणद्वारा निराकरण गराउने व्यवस्था गरिने छ । राजनैतिक पक्षको विकास अन्तर्गत हाललाई खास गरी दुई किसिमको कार्यहरू गर्नु पर्ने देखिन आउँछ ।

(क) सम्बर्द्धनात्मक र (ख) संरक्षणात्मक ।

(क) सम्बर्द्धनात्मक कार्यः-

पञ्चायत प्रणालीको संस्थात्मक विकास र व्यवस्थाको सैद्धान्तिक पक्ष बारे पञ्चहरूमा अझ बढी वैचारिक एकरूपता तथा सामञ्जस्य स्थापित गर्दै लैजानु परेको छ । अतः पञ्चायत र वर्गीय संगठनहरूको माध्यमबाट विकेन्द्रीकरणको सिद्धान्त अनुसार व्यवस्थाको प्रत्येक तहमा क्रमिक रूपबाट अधिकाधिक जनतालाई देश विकास कार्यमा सहभागी तुल्याउंदै लैजाने कार्यहरूमा संलग्न गराइने छ । सम्बर्द्धनात्मक कार्य निम्न लिखित कार्यहरू समावेश गरिने छन्ः-

१. राजनैतिक परिचालनको व्यबस्थाः- सबै तहका पंचायतहरूको राजनैतिक परिचालन गर्न कार्यक्रम तर्जुमा र संचालन गर्ने । सबै तहका पंचायतहरूलाई स्वतः परिचालन हुने वातावरणको सृजना गर्ने ।
२. चुनाउ प्रणालीमा सुधारः- रा. पं. स. तथा पञ्चायतका अन्य निकायहरूको वर्तमान चुनाउ प्रणाली खर्चिलो हुंदै गएको छ । जनतासंग निजी काम गर्ने कर्मठ तर आर्थिक साधन विहीन पञ्चहरूको संख्या व्यवस्थाको उच्च तहमा तुलनात्मक रूपबाट कम हुंदै

गएको देखिन्छ । विभिन्न तहमा सम्पर्क र सम्बन्ध कायम गर्नु पर्ने भएकोले चुनाउ लड्ने उम्मेदवारलाई धेरै कठिनाईहरूको सामना गर्नु परेको छ । राष्ट्रिय पञ्चायतका सदस्यको जिल्ला पंचायतसंग चुनाउको समयमा मात्र सक्रिय सम्बन्ध स्थापित हुन आउंछ । साथै चुनाउको काममा नै पंचहरू धेरै व्यस्त रहनु पर्ने भएकोले राजनैतिक स्वस्थ वातावरण – सृजना र विकास तथा प्रशासनको कार्यमा कठिनाई उत्पन्न भएको छ । यी समस्याहरूलाई दृष्टिगत गरी चुनाउ प्रणालीमा व्यवस्था सुहाउंदो सुधार गर्नु पर्ने देखिन्छ ।

(क) चुनाउ प्रक्रियामा सुधारः– पंचायतका विभिन्न निकायहरू र वर्गीय संगठनको सदस्य पदका लागि हुने निर्वाचनलाई व्यावहारिक, कम खर्चिलो, सरल र कम समयमा सम्पन्न हुने गरी निर्वाचन क्षेत्र र परिपाटीमा सुधार ल्याइने सम्बन्धी कार्य गर्ने ।

(ख) उम्मेदवारको योग्यतामा सुधारः– वर्गीय संगठन तथा पञ्चायतका सबै तहका सदस्यहरूलाई बढी जनमुखी बनाउन र विकासको निमित्त राजनीति भन्ने दिव्य उपदेशलाई साकार पार्न व्यवस्थाका विभिन्न तहको निर्वाचनमा भागलिने सबै उम्मेदवारहरूले आ–आफ्नो क्षेत्रका जनतामा भिजेर काम गर्ने र यस सन्दर्भमा निर्वाचनमा उम्मेदवार हुनु भन्दा अगाढी कमसे कम दुई वर्ष सम्म गाउं जिल्ला बसी गाउं तथा जिल्लाको भलाई हुने विकासको न्यूनतम कार्यमा संलग्न भएको हुनु पर्दछ ।

(ग) निर्वाचन सम्बन्धी मुद्दाको फैसला, उजुर परेको मितिबाट ६ महिना भित्र फैसला गरिनु पर्छ ।

३. मौलिक आधारभूत सिद्धान्तमा एकरूपताः–

(क) व्यवस्थाको आधारभूत सिद्धान्तमा वैचारिक एकरूपता ल्याउन र व्यवस्थाको उद्देश्य तथा लक्ष्य अनुरूप क्रमिक रूपमा सामाजिक, आर्थिक तथा राजनैतिक विकासको गतिलाई निश्चित दिशा तर्फ लाने प्रक्रियामा तीब्रता ल्याउन स्पष्ट र व्यापक घोषणा पत्र जस्तो पञ्चायत कार्यनीति तैयार गर्नु पर्ने आवश्यकता देखिन्छ । विकास योजना तथा कार्यक्रम तयार गर्दा सोही कार्यनीतिलाई आधार मानेर यो कार्यनीतिको परिपूर्तिकालागि व्यापक अभियान चलाउने सम्बन्धी काम गर्ने ।

(ख) गाउँ, जिल्ला, अंचल, क्षेत्रीय र राष्ट्रियस्तरमा गोष्ठी तथा सम्मेलनको आयोजना गर्ने र तिनीहरूको माध्यमद्वारा व्यवस्थाको आधारभूत सिद्धान्तमा वैचारिक एकरूपता ल्याउन सक्ने वातावरणको सृजना गर्ने ।

४. प्रचार प्रसारको व्यवस्थाः– हाम्रो वर्तमान व्यवस्था बारेमा विभिन्न समुदायबाट जुन प्रकारको सोचाई हुन लागेको छ वा भैरहेको छ त्यसलाई समेत दृष्टिगत गरी उक्त

पञ्चायत व्यवस्थाको सैद्धान्तिक र व्यावहारिक दुवै पक्षलाई स्पष्ट बोध गराउने उद्देश्यले प्रचार प्रसारको व्यवस्था हुनु आवश्यक छ । जसबाट विभिन्न प्रजातान्त्रिक परिपाटी भएमा मुलुकका प्रौढ राजनीतिज्ञहरूलाई तर्कपूर्ण पौष्टिक आहार मिल्न सकोस् ।

व्यवस्था प्रतिको अवाञ्छनीय भ्रामक होहल्लालाई निरूत्साहित पार्न र जन मनोबलको अभिवृद्धि गर्न निम्न लिखित माध्यमहरू सहायक हुन सक्दछन् :

(क) निष्ठावान् कर्मठ पञ्चहरू ।

(ख) स्थानीय पञ्चायत तथा अनौपचारिक अगुवाहरू ।

(ग) गाउँफर्क राष्ट्रिय अभियान समितिहरू ।

(घ) रेडियो नेपाल ।

(ङ) स्थानीय पत्र पत्रिकाहरू ।

(च) पुस्तक, पुस्तिका, चार्ट, पोष्टर आदि । यस कार्यका लागि स्थानीय भाषाहरूमा पञ्चायत व्यबस्था सम्बन्धी सरल र घतलाग्दा व्यावहारिक कुराहरू समावेश गरी प्रकाशित गर्ने ।

(छ) विद्यार्थीहरूको माध्यमद्वारा यसका लागि विभिन्न तहका शिक्षणसंस्थाहरूमा अभ्यासात्मक पञ्चायत ( Mock Panchayat ) को गठनद्वारा पञ्चायत व्यवस्थाको व्यावहारिक ज्ञान दिने ।

(ज) विदेशका विश्वविद्यालयबाट अध्ययन समाप्त गरी फर्केका छात्र तथा छात्राहरू-लाई व्यवस्थाको सैद्धान्तिक र व्यावहारिक पक्षको बोध गराउने ।

(झ) बिभिन्न वर्गीय संगठनका सदस्यहरूको माध्यमद्वारा ।

(ञ) डकुमेन्टरी र फिचर फिल्मको माध्यमद्वारा ।

(ट) विदेशस्थित शाही नेपाली नियोगहरूद्वारा व्यवस्थाको सैद्धान्तिक, व्यावहारिक पक्ष र त्यस्का उपलब्धिहरूको बोध हुने गरी प्रचार प्रसार गराउन लगाउने ।

५. संगठनात्मक व्यवस्थाः–

(क) गाउँ स्तरमाः– (१) गाउँ सभा हुन नसक्नुका कतिपय कारणहरूको अलावा गाउँको सीमा वैज्ञानिक आधारमा बिभाजन नहुनु पनि प्रमुख हो । अतः आवश्यकता अनुसार गाउँका सीमाहरूलाई वैज्ञानिक आधारमा पुनर्गठन गरी भेला हुन सुगम र सरल गर्ने व्यवस्था गर्ने ।

(२) गाउँ पञ्चायतहरूलाई सुचारू रूपले संचालन गर्न गाउँ सचिव तथा आवश्यक स्टाफ र भवनको व्यवस्था गर्ने ।

(ख) जिल्ला स्तरमाः– १. बिभिन्न मन्त्रालय तथा विभागहरूसंग सम्पर्क, समन्वय तथा समझदारी कायम गरी जिल्ला पञ्चायतहरूलाई आवश्यक प्राबिधिक स्टाफहरू उपलब्ध गराई दिने व्यवस्था गर्ने ।

२. विकास र निर्माण कार्यकालागि गा. पं.बाट मांग भएको अवस्थामा उपलब्ध

गर्न सकिने गरी जिल्लामा प्राबिधिक पुल राख्ने व्यवस्था गर्ने ।

३. विकेन्द्रीकरणको स्पष्ट नीति र विस्तृत कार्यक्रम बनाई आवश्यक अधिकारको प्रत्यायोजन गर्दै लैजाने कार्य गर्ने । यसकालागि कृषि, घरेलुउद्योग, स्वास्थ्य, शिक्षा आदि विभिन्न विषयको प्रत्येक शीर्षक अन्तर्गत स्थानीय पञ्चायतहरूले र श्री ५ को सरकारले निर्णय गर्ने क्षेत्र भनी स्पष्टसंग अधिकार र दायित्वको रेखाङ्कन गर्ने व्यवस्था गर्ने ।

(ग) केन्द्रीय स्तरमा:– १. राष्ट्रिय पञ्चायत सम्बन्धी सबै प्रबन्धहरू । [redacted] ।

२. राष्ट्रिय पञ्चायतमा श्री ५ को सरकारको कार्यक्रम निर्धारण र संचालन गर्ने ।

३. प्रत्येक मन्त्रालयबाट राष्ट्रिय पञ्चायतमा पेश हुने बिधेयक पञ्चायत मन्त्रालयको सहमति लिएर मात्र पेश गर्ने ।

६. न्यूनतम कार्यक्रमको व्यवस्था:–

(क) व्यवस्थाका विभिन्न तहका पञ्चायत तथा वर्गीय संगठनको संस्थात्मक विकास गर्दै लैजाने राजनैतिक कार्यक्रमहरूको तर्जुमा गरी उक्त कार्यक्रमहरू योजनाबद्ध रूपबाट कार्यान्वयन गराउने ।

(ख) सम्पूर्ण वर्गीय संगठनका निकायहरूको गठनमा एकरूपता ल्याउने व्यवस्था अन्तर्गत सामयिक संशोधन र आवश्यक परिवर्तन गर्दै लैजाने ।

(ग) पञ्चायत संस्था प्रति स्थानीय जनताहरूको आस्था र विश्वास जगाउन स्थानीय जनताहरूलाई भलाई हुने खालको जिल्ला र गाउंको निमित्त न्यूनतम कार्यक्रमको सृजना गर्ने व्यवस्था गर्ने ।

(घ) वर्गीय हित हुने कार्यक्रम संचालन गर्न विभिन्न स्तरका विभिन्न वर्गीय संगठनहरू सक्रिय गर्ने ।

वर्गहित सम्बन्धी वर्गीकरण देहाय बमोजिम छन्:–

१. नेपाल किसान संगठन:– मोहीको संरक्षण, कृषि उत्पादनमा बृद्धि, बिक्री वितरणमा न्याय, सहकारिताको प्रसार, कृषि मेला, प्रदर्शनी, कृषि पत्रिका, कृषि सम्बन्धी अध्ययन भ्रमण, प्रौढ साक्षरता अभियान, सम्मेलन, सभा, गोष्ठी, कृषि विकास प्रसार कार्यक्रममा सहभाग आदि ।

२. नेपाल युवक संगठन:– बौद्धिक तथा शारीरिक विकास हुने कार्यक्रम जस्तै साहित्यिक गोष्ठी, खेलकूद, साँस्कृतिक कार्यक्रम, पर्वतारोहण, साक्षरता अभियान, युबा महोत्सव, युवा सम्मेलन, सभा, विचार गोष्ठी इत्यादि ।

३. नेपाल महिला संगठन:– महिला साक्षरता अभियान, परिवार नियोजन, घरेलु तथा गृह विज्ञान, महिला हित सम्बन्धी अभियान, महिला सम्मेलन, सभा, गोष्ठी आदि ।

४. **नेपाल मजदूर संगठनः**– मजदूरको कार्यक्षमतामा वृद्धि, सीपवृद्धि, प्रशिक्षण, मजदूर कल्याण, सहकारी उपभोक्ता संस्था, साना सहकारी उत्पादन संस्था, मजदूर कल्याण कोष, मजदूर हित ऐन, अन्य क्षेत्रका मजदूरको हित आदि ।

५. **नेपाल भूतपूर्व सैनिक संगठनः**– भूतपूर्व सैनिक कल्याण कार्य, कृषि तथा घरेलु सीपवृद्धि सहकारिता, अर्धकुशल प्राविधिक सीपको विकास, बसोबास, सभा, गोष्ठी, तालीम, सम्मेलन आदि ।

६. **आर्थिक व्यवस्थाः**– वर्गीय संगठनहरू, जिल्ला पञ्चायत र गाउँ पञ्चायतहरू वांछित मात्रामा क्रियाशील हुन नसक्नुको कारणहरू मध्ये आर्थिक अभाव प्रमुख कारण हो । अतः आर्थिक दृष्टिकोणबाट यी निकायहरूलाई सबल गर्न निम्न लिखित कार्यहरू गर्नु पर्ने देखिन्छः–

(क) गाउँ, जिल्ला पञ्चायत र विभिन्न वर्गीय संगठनहरूलाई स्थायी र निश्चित आर्थिक स्रोत उपलब्ध हुने व्यवस्था गर्ने ।

(ख) गाउँ पञ्चायत, जिल्ला पञ्चायतलाई जस्तै वर्गीय संगठनहरूलाई आफ्नो वर्ग हितको विकास कार्य गर्न सदुपयोग हुने गरी अनुदान दिने व्यवस्था गर्ने ।

(ग) पञ्चायय क्षेत्रमा खर्च गर्न पर सारिएका विभिन्न मन्त्रालय तथा विभागहरूको बजेट जिल्ला तथा गाउँ पञ्चायतहरूलाई उपलब्ध गर्ने ।

७. **समन्वयको व्यवस्थाः**– वाञ्छित रूपमा समन्वयको अभावको कारण काममा दोहोरोपन, अनावश्यक खर्चमा वृद्धि हुनुको साथै कुनै पनि अंग सुचारुरूपले संचालन हुन सकेको छैन । अतः पञ्चायत र श्री ५ को सरकारको कार्यालयहरूको बीच माथिल्लो तहदेखि तल्लो तहको पञ्चायत बीच, पञ्चायत र वर्गीय संगठनको बीच आदि विभिन्न स्तरमा समन्वय स्थापना हुन आवश्यक देखिन्छ । यस दृष्टिबाट निम्न लिखित इकाईहरूको बीच समन्वय र सामन्जस्य कायम गर्नु पर्ने हुन आउँछः–

(क) केन्द्रीय स्तरमाः– पञ्चायतको संस्थात्मक विकास तथा पञ्चायत र वर्गीय संगठनहरूको माध्यमबाट जनहितको परिचालनद्वारा विकासको प्रक्रियामा अझ तीव्रता ल्याउन पञ्चायत मन्त्रालय र गाउँफर्क राष्ट्रिय अभियान समिति दुवैको अभिभारा हुन आएको छ ।

पञ्चायत मन्त्रालय पुनः स्थापना हुनुभन्दा अगावै गाउँ-फर्क राष्ट्रिय अभियान समितिको गठन भैसकेकोले यी दुवै निकायहरूको कार्यमा दोहरोपन हुन सक्ने सम्भावना भएकोले दुवैको कार्यक्षेत्रमा खास गरी राजनैतिक विकासको क्षेत्रमा स्पष्ट हुने गरी रेखांकन गरिनु पर्ने आवश्यकता महसूस गरिएको छ । तसर्थ राजनैतिक पक्षको विकास र स्थानीय स्रोतको (भौतिक तथा मानवीय दुबैको) परिचालन सम्बन्धी सम्पूर्ण कार्य पञ्चायत मन्त्रालयले आफ्ना विभिन्न निकायहरूद्वारा गरिनैरहने हुंदा पञ्चायत मन्त्रालयको कार्यक्षेत्र भिन्न र ती बिभिन्न कार्यक्रमहरूमा प्रवृत्त राजनैतिक

कार्यकर्ताहरूलाई सजग र सचेष्ट समेत गरि मूल्यांकन गर्ने कार्य गाउँ फर्क राष्ट्रिय अभियान समितिको कार्य क्षेत्र भित्र परेको देखिन्छ । अतः यी दुवै निकायहरूको बीच निकटतम सम्बन्ध, र समझदारी र समन्वय स्थापना हुनु पर्ने वान्छनीय छ ।

(ख) जिल्ला तथा गाउँ स्तरमाः– जिल्ला तथा गाउँ स्तरीय स्थानीय पञ्चायत र वर्गीय संगठनहरूको बीच निकतम घनिष्ट कार्यात्मक सम्बन्ध स्थापना हुनु व्यवस्थाको अभिवृद्धिको निमित्त आवश्यक पर्दछ । यस दिशामा निम्न प्रकारको व्यवस्था उपयुक्त देखिन्छः–

१. गाउँ पञ्चायतको बैठकमा तथा न. पं. को बैठकमा मत दिन नपाउने तर अन्य सबै अधिकार पाउने गरी सबै संगठनको प्रारम्भिक समितिका सभापतिहरूलाई भाग लिन अनिवार्य गराउने ।

२. जिल्ला सभामा सबै वर्गीय संगठनका जिल्ला स्तरीय पदाधिकारीहरूलाई मत दिन नपाउने तर अन्य सबै अधिकार प्रयोग गर्न पाउने गरी भाग लिन अनिवार्य गराउने ।

३. जिल्ला पंचायतमा सबै वर्गीय संगठनका जिल्ला सभापतिहरूलाई मत दिन नपाउने तर अन्य सबै अधिकार पाउने गरी भाग लिन अनिवार्य गराउने ।

## संरक्षणात्मक कार्यः–

व्यवस्थाको सामाजिक, आर्थिक र राजनैतिक उपलब्धिहरूबाट विचलित भएर केही अवान्छनीय तत्व तथा व्यवस्था भित्र रहेका संदिग्ध व्यक्तिहरूबाट व्यवस्थामाथि गरिने बैचारिक आक्रमणलाई बिलकुल प्रभावहीन तुल्याउनु सैद्धान्तिक पक्षमा आधारित व्यावहारिक राजनैतिक कार्यक्रमको तर्जुमा गर्नु पर्ने भएको छ । यसको साथै केही अवान्छनीय गतिविधिहरूलाई निर्मूल पार्न राजनैतिक दृष्टिकोणबाट कार्यक्रमहरूको माध्यमद्वारा जनतामा आत्मबल र उत्साह जगाउनु परेको छ । यस दृष्टिकोणबाट संरक्षणात्मक कार्य अन्तर्गत निम्न लिखित मुख्य मुख्य कदमहरू चालिने व्यवस्था गरिने छः–

### (क) मुकाबिलाः–

अवान्छनीय तत्व तथा व्यवस्था भित्रका केही संदिग्ध व्यक्तिहरूद्वारा व्यवस्था माथि गरिएको तथा गरिने बैचारिक आक्रमणको प्रत्याक्रमणद्वारा निरूत्साह गरी व्यवस्थाप्रति आस्था र विश्वासको बीजारोपण गर्न राजनैतिक कार्यक्रमको अत्यावश्यकता परेको छ । यस कार्यको निमित्त निम्न लिखित व्यवस्था गरिने छः–

१. स्वयम सेवकको व्यवस्था :– व्यवस्थाको सुदृढीकरणको निमित्त सधैं कार्यरत हुने निष्ठावान पञ्चायती कार्यकर्ताको सृजना गर्ने । यस्ता कार्यकर्तालाई गाउँ तथा जिल्ला स्तरमा एकत्रितगरी समय समयमा गोष्ठी सम्मेलन तथा तालीमको कार्यक्रममा सम्मिलित गराई व्यवस्थाको हितमा योगदान गर्न पाउने व्यवस्था गर्ने । यस्तो कार्यकर्ता समूहमा सबै कर्मठ कार्यकर्ताहरूले संलग्न हुन पाई व्यवस्थाको हितमा केही योगदान गर्न पाउने हुन्छ । निर्वाचनमा हारजित जे भएपनि पञ्च कार्यकर्ताको हैसियतले

व्यवस्थामा संलग्नरही संरक्षण पाउने हुन्छ ।

व्यवस्थाको बाधक तत्वसंग संघर्ष गर्न पंच र वर्गीय संगठनहरूले आ-आपनो सदस्य वर्गलाई सधैं सजग गराइराख्ने पंचायत व्यवस्थाको अभिबृद्धि सम्बन्धी कार्यनीतिको आधारमा गोष्ठी, सम्मेलन, लेख आदिद्वारा व्यवस्थाको संरक्षण र विरोधीविचार धाराको प्रतिवाद गर्ने । यस्तो सजग राख्ने कार्यक्रमको सृजना गर्न पञ्चायत मन्त्रालय तथा गाउँफर्क राष्ट्रिय अभियान समितिले समन्वयात्मक ढंगले संयुक्त रूपमा कार्य गर्ने ।

२. संगठनको व्यवस्था:- गाउँ तथा जिल्ला स्तरीय पञ्चायतका इकाइहरूलाई टेवा दिन राजमुकुट र व्यवस्थामा आस्था राख्ने विभिन्न सामाजिक तथा धार्मिक संस्थाहरूको आ-आपनो स्तरबाट योगदान हुन्छ तसर्थ हाम्रो संस्कृति, इतिहास, परम्परा र मान्यतामा मिल्दा परम्परागत संस्थाहरूलाई आधुनिकीकरण गरी पुनरुत्थान गर्ने र यी संस्थाहरूलाई व्यवस्थाको मूलभूत उद्देश्य प्राप्तिको निमित्त योगदान दिन सक्ने किसिमले जनकल्याणकारी कार्यमा संलग्न गराउने ।

वैचारिक तथा अन्य अतिक्रमणलाई निरूत्साह पार्न गाउँ तथा जिल्ला स्तरमा कर्मनिष्ठ पञ्चहरूको नेतृत्वमा टोलीहरू गठन गर्ने । यी टोलीहरूले पञ्च तथा जनतामा भ्रम फैलन नदिने र जनताको हौसला अझ बढाई उनीहरूमा व्यवस्था प्रति आस्था बृद्धि हुने खालको विशेष कार्यक्रम सञ्चालन गर्ने ।

३. उत्प्रेरकको व्यवस्था:- केन्द्र, क्षेत्र, जिल्ला र गाउँ तहका वर्गीय संगठनहरूलाई संगठित हुन, आ-आपनो वर्ग हितको चिन्तन गर्न, कार्यक्रमहरू तैयार गर्ने र कार्यान्वयनको निमित्त आवश्यक सेवा र सहायता उपलब्ध गर्न उत्प्रेरकको आवश्यकता पर्दछ । यस कार्यको निमित्त जिल्ला स्तरमा साझा कार्यालयको पुनः स्थापना र अंचल स्तरमा अंचल स्तरीय पञ्चायत मन्त्रालयको प्रतिनिधि राख्ने व्यवस्था गर्ने ।

## (ख) जनतामा हौसला र मनोबलको अभिबृद्धि गर्ने

१. पञ्चायत प्रति जनताको आस्था जगाइ राख्न स्थानीय जनताले पञ्चायत इकाईहरूबाट केही फाइदा भएको देख्न सक्नु पर्दछ । अतः स्थानीय पञ्चायतलाई विकास कार्यमा बढी लगनशील र सक्रिय गराउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने ।

२. विशेष परिस्थिति उत्पन्न भएको ठाउँमा स्थानीय जनताहरूको सहभागमा विकास सम्बन्धी विशेष कार्यक्रम संचालन गरी जनतालाई अवान्छनीय हो हल्लामा लाग्नबाट बचाउने । यस्तो विशेष किसिमको कार्यक्रम संचालन गर्न स्वयम सेवकको रूपमा कर्मनिष्ठ कार्यकर्ताहरूलाई लगाउने । स्वयम सेवकको रूपमा काम गर्ने निष्ठावान पञ्चहरूले स्थानीय जनतालाई स-साना समूहमा संगठित गरी समूहको रूचि अनुसारको विकास कार्यमा संलग्न गराउने

३. विभिन्न वर्गीय संगठनहरूबाट व्यवस्थाले अपेक्षा गरेको भूमिका स्पष्ट हुने गरी

सँगठनमा राजनैतिक उद्देश्य तथा कार्यक्रमको किटान हुने व्यवस्था गर्ने ।

४. विभिन्न पंचायतहरूले व्यवस्थाको लक्ष्य अनुरूप अलग अलग किसिमबाट काम गर्दा रहेको पाइन्छ । कुनै कुनै पञ्चायतहरूले निसन्देह राम्रो र सक्रियतासाथ काम गरेका छन् । राम्ररी काम गर्ने पञ्चहरूको कामको मूल्यांकन गरी तिनीहरूलाई पारितोषिक दिंदा तिनीहरूमा हौसलाको अभिवृद्धि हुनेछ ।

(ग) तालीमको व्यवस्था:-

१. व्यवस्थाको सम्मृद्धि तथा संरक्षणको निमित्त आवश्यकता अनुसार राजनैतिक तालीमको व्यवस्था पञ्चायत अग्रणी प्रशिक्षण केन्द्रहरूद्वारा संचालन गरिने छ । गाउँ जिल्ला स्तरमा तालीम, सम्मेलन, सभा, आदिको आयोजनाद्वारा पञ्चहरूमा व्यवस्था तथा चौतर्फी विकास सम्बन्धमा जागृति उत्पन्न गर्ने ।

## पञ्चायत क्षेत्रको योजना

स्थानीय नेतृत्वको विकास, स्थानीय जनताको सक्रिय सहभाग र जनशक्तिको परिचालनको आधारमा मुलुकको राजनैतिक, आर्थिक एवं सामाजिक विकास गर्ने लक्ष्य पञ्चायत व्यवस्थाले लिएकोछ । अधिकाधिक जनतालाई विकास तथा स्थानीय प्रशासकीय कार्यमा संलग्न गराउन विकेन्द्रीकरण योजना पनि चालू गरिएको छ ।

देशको चौतर्फी विकासको सन्दर्भमा सञ्चालन हुने योजनालाई मोटामोटी रूपले तीन भागमा बांड्न सकिन्छ, सरकारी क्षेत्रको योजना, पञ्चायत क्षेत्रको योजना र निजी क्षेत्रको योजना । यी तीन मध्ये निजी क्षेत्रको योजना यस कार्यक्रमसंग उत्तिको सम्बन्ध नभएकोले उल्लेख गरिएको छैन । सरकारी क्षेत्रको योजनामा सरकारको सक्रिय जिम्मेवारी रहन्छ, कहिले काँही स्थानीय जनताको सहयोगको अपेक्षासम्म गरिन्छ । पञ्चायत क्षेत्रको योजनामा जनताको सक्रिय सहभाग हुन्छ, यस्तो योजनामा सरकारको सहयोग मात्र हुन्छ यस्तो किसिमको योजनामा जनता आफैंले योजना बनाउँछन्, छलफल गर्दछन् निर्णय र कार्यान्वयन पनि आफैंले गर्दछन् । जनताले निर्णय गरेको योजना पूरा गर्न सरकारी निकायहरूले आर्थिक, प्राविधिक र माल सामान उपलब्ध गरी सहयोगसम्म गर्दछन् । अर्थात् पञ्चायत क्षेत्रभित्र पर्ने योजनामा जनताहरूको सक्रिय सहभागको प्रथम भूमिका रहन्छ । पञ्चायत क्षेत्रबाट सञ्चालन हुने योजनाहरूको निम्न लिखित विशेषताहरू हुनेछन्:-

१, स्थानीय जनताको आचरण, आदर्श, कार्य परिपाटी, मनोवृत्ति बदल्ने उद्देश्यले तर्जुमा गरिएका जनताको सक्रिय सहभाग तथा सक्रिय संलग्नतामा आधारित सबै किसिमका योजनाहरू ।

जनताको सहभागमा आधारित ग्रामीण क्षेत्रमा लागू गरिने सबै ग्रामीण स्तरका योजनाहरू ।

२, पञ्चायत क्षेत्रबाट संचालित गरिने योजनाहरू मुख्य चार किसिमका हुने छन्ः–

(क) भौतिक एवं आर्थिक विकास सम्बन्धी योजनाः–

यस किसिमको योजनाहरू भित्र स्थानीय जनताहरूको भौतिक सुविधा एवं रोजगारी उत्पादन र आयमा वृद्धि हुने खालका कामहरू हुने छन् । यस योजना अन्तर्गत निम्न लिखित मुख्य मुख्य कार्यहरू समाबेश गरिने छन्ः–

१. कृषि, सिंचाई, सहकारी तथा वन जस्ता विभिन्न क्षेत्रहरूलाइ सरकारी तथा पञ्चायत क्षेत्रमा स्पष्ट विभाजन गर्ने ।

२. गाउँ, नगर र जिल्लाहरूको निमित्त न्यूनतम भौतिक सुविधा उपलब्ध हुने कार्यक्रमको गुरू योजना तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने ।

३. चुनाव सम्बन्धी मतभेदको कारणबाट कतिपय गाउँ पञ्चायतहरूले जिल्ला पञ्चायतहरूबाट सहायता पाउन नसकी गाउँलेहरूले विकासको कामबाट समेत बन्चित रहनु पर्ने भएकोले गाउँ र नगर स्तरीय योजना छान्नमा गाउँ सभा र नगर पञ्चायतकै मुख्य अभिभारा हुनु पर्दछ । अतः हालको योजना स्वीकृत गर्ने प्रक्रियालाई सरल र छोटो गरिने छ ।

४. राष्ट्रिय स्तर र पञ्चायत क्षेत्रको योजनाको बीच समन्वय स्थापना गर्ने र एक अर्कोको परिपूरकको रूपमा काम गर्ने व्यवस्था मिलाउने ।

५. तल्लो तहको विकास कार्यमा सघाउ पुऱ्याउन आवश्यकतानुसार ठाउं ठाउंमा उपकेन्द्रहरूको स्थापना गर्ने ।

६. नगरको समस्या र आवश्यकता गाउँको भन्दा वेग्लै किसिमको भएको हुनाले सोही अनुरूपको योजना तर्जुमा गर्ने ।

(ख) मानवीय विकासः– यस किसिमको योजना अन्तर्गत स्थानीय नेतृत्वको विकास, सहयोगी रूपले काम गर्ने भावनाको अभिबृद्धि, सामाजिक उत्तरदायित्व वहन गर्ने चेतनामा अभिबृद्धि, सृजनात्मक प्रतिभाको प्रस्फुटन र स्वावलम्बी बन्ने क्षमतामा अभिबृद्धि गर्ने किसिमका कार्यक्रमहरूको व्यवस्था गरिने छ ।

भौतिक उन्नति र मानवीय विकास एक अर्कामा आश्रित छन् । तैपनि पञ्चायत क्षेत्रबाट गरिने योजनाको भौतिक सुविधा प्राप्त गर्नुमा भन्दा मानवीय पक्षको विकास गर्ने तर्फ बढी झुकाव हुने छ ।

यस उद्देश्य प्राप्तिका लागि निम्न लिखित उपायहरू गरिने छन् ।

१. स्थानीय पञ्चायतहरूको सुदृढीकरण ।

२. व्यवस्थानुरूप सामाजिक सम्बन्धमा बिस्तार र सुदृढीकरणका लागि अनुकूल वातावरणको सृजना गर्न विभिन्न समाज कल्याणकारी सामाजिक, आर्थिक, मनोरञ्जनात्मक र धार्मिक आध्यात्मिक समूहहरूको बिस्तार विकास र पुनरुत्थान गरिने छ ।

३. स्थानीय तथा जिल्ला स्तरहरूमा सम्मेलन गोष्ठी तथा सभाहरूको आयोजना गरी

सामाजिक सम्पर्कमा वृद्धि गरिने छ ।

४. स्थानीय जनतालाई आफ्नो समस्या आफैं सोच्न, छलफल गर्न, योजना कार्यक्रम बनाउने र कार्यान्वयन गर्न उत्प्रेरणा प्रदान गर्ने विकास सम्बन्धी आवश्यक जानकारी दिने उत्प्रेरक, सहायक र सूचकको रूपमा कार्य गर्ने गाउँ, जिल्ला र क्षेत्रीय स्तरमा विभिन्न स्तरका प्रशिक्षित बहुमुखी विकास सहायकहरू राख्ने व्यवस्था गर्ने ।

पञ्चायत तथा वर्गीय संगठनहरूलाई सुसंगठित हुन, आ–आफ्नो वर्ग हितका कार्यक्रमहरू तर्जुमा गर्न छलफल गर्न र समय समयमा भेला हुन उत्प्रेरणा प्रदान गर्न अंचल स्तरीय उत्प्रेरकहरूको रूपमा पञ्चायत मन्त्रालयको प्रतिनिधि राख्ने व्यवस्था गरिनेछ ।

(ग) दुर्गम क्षेत्रको विकासः– यातायातको दृष्टि तथा अन्य भौतिक सुविधाको अभाव र मुलुकको अन्य भेगसंगको कम सम्पर्कको कारणले दुर्गम हिमाली क्षेत्रहरूमा स्थानीय जनताहरूको जीवन अति कठिन छ । आधुनिकीकरण प्रति त्यस भेगका समाजको दृष्टिकोण अन्य सुगम क्षेत्रको भन्दा बेग्लै छ । विकास कार्यहरूको संचालन गर्न पनि अति कठिन छ । अतः यस्ता क्षेत्रहरूको विकासका निमित्त विशेष प्रबन्ध गरिनु पर्दछ । यस्ता दुर्गम क्षेत्रका जनसमुदायलाई उत्प्रेरणा दिंदै क्रमशः विकासको गतिमा अगाडि बढाउने कार्य स्थानीय जनताको सक्रिय संलग्नता र सहभागितामा मात्र हुन सक्ने भएकोले यस क्षेत्रको विकास कार्य पञ्चायत क्षेत्र भित्र पर्न आउंछ । अतः यस योजना अन्तर्गत निम्न लिखित कार्यहरू गरिने छन् ।

१. आर्थिक सम्पन्नता, सामाजिक विकास तथा राजनैतिक जागरणको दृष्टिकोणले हिमाली क्षेत्र सुगम क्षेत्र भन्दा तुलनात्मक रूपमा पिछडिएको देखिंदा दुर्गम क्षेत्रका निमित्त विशेष किसिमको चौतर्फी विकासको कार्यक्रम तर्जुमा गर्ने ।

२. सहायता र सहयोग पुऱ्याउने विधि तथा नीतिमा पनि अन्य सुगम क्षेत्रको भन्दा बेग्लै प्रकारको नीतिको अवलम्बन गर्ने । दुर्गम क्षेत्रमा काम गर्ने कर्मचारीहरूको तलब भत्ता र अन्य सुविधाहरू आकर्षक बनाउने ।

३. दुर्गम हिमाली क्षेत्रको कर्मठ तथा विकासमा लगनशील स्थानीय अगुवाहरूलाइ विकसित क्षेत्रहरूको क्रमशः भ्रमण गराई मानसिक सोचाईको परिधिलाई व्यापक गर्ने ।

४. अधिराज्यका भौगोलिक तथा सामाजिक दृष्टिबाट पिछडिएका अन्य भेग र समुदायहरूको सर्वाङ्गीण विकासका लागि पनि क्रमशः व्यवस्था गर्दै लाने ।

(घ) समाज कल्याण कार्यः– विभिन्न क्षेत्रमा भइरहेका र हुने समाज कल्याण र समाज सेवा सम्बन्धी कार्यक्रमहरूको समन्वय गर्ने । समाज कल्याण कार्य गर्न पंचायत मन्त्रालय अन्तर्गत एउटा समाज कल्याण शाखा खडा गर्न वान्छनीय देखिन्छ । त्यस शाखाका कार्यहरू निम्नानुसार हुने छन्ः–

१. समाज कल्याण कार्यको रूपरेखा तयार गर्ने ।
२. व्यक्तिहरूको सामाजिक लाचारी, असमर्थता तथा अशक्तता सम्बन्धी समस्याहरूको खोजी गर्ने ।
३. समाज सेवा तथा समाज कल्याण केन्द्रहरूको स्थापना सम्बन्धी योजना र कार्यक्रम तैयार गर्ने ।
४. समाज सेवा तथा समाज कल्याण कार्यहरूका निमित्त आवश्यक पर्ने सामाजिक कार्यकर्ताहरूको व्यवस्था र तालीमको व्यवस्था गर्ने ।
५. विभिन्न समाज कल्याणकारी संस्थाहरूका बीच समन्वय कायम गर्ने कार्य गर्ने ।
६. पंचायतहरूलाई टेवा दिने खालका समाज कल्याणकारी संस्थाहरूको गठन गर्ने र आफ्नो रूचि अनुसारको योजना सञ्चालन गर्ने ।

(ङ) **स्थानीय स्रोतको परिचालन:**– देशमा उपलब्ध हुने मानवीय र प्राकृतिक स्थानीय स्रोतको परिचालन तथा विदोहनद्वारा देशलाई क्रमश: उन्नतिको पथमा अग्रसर गर्दै लैजाने कार्यक्रमको व्यवस्था गरिने छ । पंचायत क्षेत्रको आर्थिक विकासको मुख्य कार्यक्रम यही नै हुने छ । यस कार्यक्रम अन्तर्गत परिस्थितिवश उपयोग हुन नसकेको सामान्य मानवीय शक्तिलाई अनौपचारिक तालीमको व्यवस्थाद्वारा साना तिना प्राविधिकसीप प्रदान गरी स्थानीय भौतिक तथा प्राकृतिक साधनहरूलाई उपयोग र उत्पादन योग्य गरिने छ । यस कार्यक्रम अन्तर्गत निम्न लिखित मुख्य मुख्य कार्यहरू समावेश गरिने छन् ।

१. स्थानीय सामान्य मानवीय शक्तिलाई अनौपचारिक प्रशिक्षणद्वारा दक्ष तथा सीपवान जनशक्तिमा परिणत गर्ने ।
२. गाउं घरमा रोजगार बृद्धि, उत्पादन बृद्धि र स्थानीय वस्तुको विक्री वितरणको व्यवस्थाका निमित्त सहकारिताको आधारमा स–साना उत्पादन र विक्री केन्द्रहरूको स्थापना गर्ने ।
३. स्थानीय स्रोतको परिचालनका निमित्त आवश्यक स्थानीय यत्रतत्र छरिएका स–साना पूंजी एकत्रित गर्ने योजना तथा कार्यक्रम तैयार गर्ने ।
४. देशमा उपलब्ध तर उपभोग नभएका स्थानीय प्राकृतिक तथा भौतिक स्रोतहरूको अन्वेषण तथा विदोहन गर्ने ।
५. विभिन्न रूचि तथा व्यावसायिक दक्षता अनुसारका स–साना सामाजिक तथा आर्थिक समूहहरूको स्थापना र प्रबर्द्धनद्वारा अधिकाधिक जनशक्तिलाई देश विकासको कार्यमा संलग्न गराउने ।
६. भूतपूर्व सैनिक प्राविधिकहरू र राष्ट्रिय विकास अन्तर्गत खटिने विद्यार्थीहरूको सहायताबाट गाउं घरमा पूंजी निर्माण गर्ने कार्यक्रमहरूमा निकै सघाउ पुग्ने छ ।

# मन्त्रालयको कार्य सिद्धान्त

१. विभिन्न विकास विभागद्वारा संचालित पञ्चायत क्षेत्रका विभिन्न स्थानीय कार्यक्रम एवं योजनाहरूलाई पञ्चायत व्यवस्था अनुरूप बनाई कार्यान्वयन गराउन केन्द्रीयस्तरमा समन्वयकर्ताको भूमिका खेल्ने मुख्य काम पञ्चायत मन्त्रालयको हुनेछ। सो कार्यको सहयोगार्थ विभिन्न मन्त्रालयहरूको एक उच्चस्तरीय समन्वय समिति गठन गरिनेछ।

२. विभिन्न मन्त्रालय तथा विभागहरूबाट पञ्चायत क्षेत्रमा उपलब्ध हुने रकम जिल्ला पञ्चायतको माध्यमबाट प्रदान गरिनु पर्दछ।

३. गाउं तथा जिल्ला पञ्चायतहरूलाई विकासको कार्य गर्दा आवश्यक पर्ने प्राविधिक तथा अन्य सहायताहरू उपलब्ध गराई समन्वयात्मक र संतुलित विकासका लागि सघाउ पुऱ्याउने। गाउं, जिल्ला, अञ्चल तथा क्षेत्रीय स्तरमा पञ्चायत र अन्य विकास विभागको कडीको रूपमा रही समन्वयको कार्य गर्ने छ। यस कामका लागि क्षेत्र, अञ्चल, जिल्ला र गाउं स्तरमा पनि क्रमशः प्रशिक्षित बहु उद्देश्यीय विकास सहायक राख्ने व्यवस्था गरिनेछ।

४. पञ्चायत क्षेत्रको विकास कार्यहरू गर्दा अधिकाधिक जनताहरूलाई संलग्न गराइने छ। यस कार्यका निमित्त पञ्चायत वर्गीय संगठनहरूको अलावा आवश्यकता अनुसार विभिन्न सामाजिक र आर्थिक समूहहरूको सृजना तथा प्रबर्द्धन गर्ने कार्य गरिने छ। यस्ता स-साना निकायहरूको सृजना तथा प्रबर्द्धनबाट विभिन्न क्षेत्रको विकास गर्ने आवश्यक वातावरणको सृजना हुने छ।

५. स्थानीय पञ्चहरूलाई सधैं अगाडि बढाई तिनीहरूको नेतृत्वको विकास हुने र आफ्नो समस्या आफैं सोच्ने, उपायहरू पत्ता लगाउने, छलफल गर्ने र निर्णय दिने। स्थिति उत्पन्न गर्न सक्ने वातावरणको सृजना गर्ने काम क्षेत्रीय, अंचल, तथा गाउँमा रहने विकास सहायकहरूको हुनेछ। यस किसिमको कार्यविधि अपनाउने कार्यकर्ताको भूमिका निम्न लिखित हुनेछ–

विभिन्न विकास कार्य सम्बन्धी आवश्यक प्राविधिक तथा अन्य जानकारीहरू उपलब्ध गरी प्रगतिमा तीव्रता ल्याउने दृष्टि राखी उत्प्रेरक तथा सूचकको रूपमा कार्य गर्ने।

स्थानीय जनता तथा पञ्चहरूले विकास कार्यक्रमको कार्यान्वयनका लागि गरेका निर्णयहरूका आधारमा आवश्यक पर्ने प्राविधिक सहायता, मालसामान तथा आर्थिक सहयोग उपलब्ध गर्न व्यवस्था गर्ने।

६. स्थायी परिवर्तन वास्तवमा जनताकै भित्रबाट आउनु पर्दछ । बाहिरिया उत्प्रेरणाबाट हुँदैन तैपनि भित्री सक्रियता जगाउनका लागि प्रेरणास्वरूप बाहिरिया सहायताको पनि केही आवश्यकता पर्दछ । अतः ग्रामीण जनतालाई उत्प्रेरणा दिन आवश्यक परेको बखत सहायता गर्न उत्प्रेरकको व्यवस्था गरिनेछ । साथै आर्थिक सहायताका लागि अनुदान दिने कार्यक्रम रहने छ ।

७. स्वावलम्बी बानीको विकास हुन्छ हुँदैन भन्ने कुरा श्री ५ को सरकारका विभिन्न विकास विभागका स्थानीय प्रतिनिधिहरूले कस्तो प्रकारको व्यवहार, बर्ताव र योजना प्रसारको तरीका अपनाएका छन् त्यसमा निर्भरगर्दछ । पूर्व निर्धारित विभागीय योजना र कार्यक्रम तथा स्थानीय समस्या समाधानका उपायहरू विभागीय दृष्टिकोण-बाट मात्र नभई पञ्चायत व्यवस्था अनुकूल एकनासको हुनु बांछनीय छ ।

प्राविधिक विभागको ध्यान योजनाको भौतिक प्रगति उपलब्ध गर्ने तर्फ बढी केन्द्रित हुने पाइन्छ । मानवीय विकास पक्ष प्रायः उपेक्षित रहन्छ । पञ्चायत व्यवस्था-को सही उद्देश्य प्राप्तिका लागि भौतिक तथा मानवीय दुवै पक्षको संतुलित विकास हुनु पर्दछ ।

अतः ग्रामीण क्षेत्रमा लागू गरिने सबै योजनाहरू तथा कार्यक्रमहरू पञ्चायत कार्यविधि अनुसार प्रशिक्षित पञ्चायत विकास सहायक (कार्यकर्ता) को माध्यमबाट मात्र गरिने व्यवस्था हुनु पर्दछ ।

कार्यक्रम संचालन माध्यम तथा विधिः– पञ्चायत क्षेत्रका योजनाहरूको संचालन तथा कार्यान्वियन निम्न लिखित सरकारी र जनप्रतिनिधिहरूका संस्थाहरूद्वारा गरिनेछः–

१. पञ्चायत मन्त्रालय अन्तर्गतकाः–

(क) दुर्गम क्षेत्र एवं स्थानीय विकास विभाग,

(ख) पञ्चायत तालीम केन्द्र,

(ग) अनुसन्धान शाखा,

(घ) वर्गीय संगठन शाखा,

२. विभिन्न सम्बन्धित मन्त्रालय तथा विभागहरू ।

३. सरकारी आर्थिक दायित्व भएका संस्थाहरू ।

जन-प्रतिनिधिहरूका संस्थाहरू :–

१. गाउँ पञ्चायत ।

२. जिल्ला पंचायत ।

३. विभिन्न वर्गीय संगठनहरू

अन्य समाज कल्याणकारी संस्थाहरू:-

स्थानीय विकास विभाग:- गाउँ तथा जिल्लास्तरीय पञ्चायत, वर्गीय संगठन र स्थानीय सामाजिक एवं आर्थिक समूहहरूको माध्यमबाट जनतालाई सहभागी गराउने गरी स्थानीय विकास कार्यको चौतर्फी विकास कार्यक्रमहरू अझ बढी प्रभावकारी र सुचारू रूपबाट संचालन गर्न आवश्यक प्राविधिक र आर्थिक सहायताको व्यवस्था गर्ने र विकास सम्बन्धी नवीन उपायहरूको जानकारी उपलब्ध गर्ने काम दुर्गम क्षेत्र एवं स्थानीय विकास विभागको दुर्गम क्षेत्र एवं स्थानीय विकास विभागको योजना निम्न लिखित मुख्य मुख्य सिद्धान्तको आधारमा तर्जुमा गरी कार्यान्वयन गरिने छ:-

१. पञ्चायत व्यवस्थालाई दरिलो पार्न र संरक्षण प्रदान गर्न आवश्यकता अनुसार विशेष परिस्थिति भएको क्षेत्रमा विशेष कार्यक्रम संचालन गर्ने गराउने ।

२. स्थानीय आवश्यकतानुसार सामुदायिक हितका स-साना निर्माण योजनाहरूको संचालन गर्ने गराउने ।

३. स्थानीय मानवीय र भौतिक परिचालन र विदोहन गर्न पञ्चायत क्षेत्रमा विभिन्न किसिमका आर्थिक, सामाजिक सेवाका कार्यहरू सम्बन्धी कार्यक्रम संचालन गर्ने । यस कार्यका लागि आवश्यकता अनुसार श्री ५ को सरकारका विकास सम्बन्धी अन्य मन्त्रालय तथा विभागहरूसंग समन्वय स्थापना गरी ग्रामीण जन-जीवनमा संतुलित विकासको व्यवस्था गर्ने ।

४. गाउँ घरमा पूंजी निर्माण हुने र रोजगार बृद्धि हुने खालका स-साना आर्थिक योजनाहरूको संचालन गर्ने ।

पंचायत प्रशिक्षण केन्द्रहरू:-

शिक्षा र तालीम दुई बेग्ला बेग्लै कुरा हुन् । शिक्षाद्वारा मानसिक सोचाईको परिधि व्यापक हुन्छ भने तालीमद्वारा कार्य गर्ने दक्षताको अभिबृद्धि हुन्छ । अतः पञ्चायत मन्त्रालय अन्तर्गत संचालित हालका अग्रणी प्रशिक्षण केन्द्रहरूद्वारा प्रदान गरिने तालीम सामान्य शिक्षा र ज्ञान दिने खालको नभै दक्षता बृद्धि हुने सोप सम्बन्धी हुनेछ । प्रशिक्षणको संचालन निम्नलिखित सिद्धान्तको आधारमा हुनेछ:-

(क) तालीम दिने कार्यलाई यथाशक्य विकेन्द्रित गरी तालीम लिने (पुरुष वा महिला) समूह नजिक पुऱ्याइने छ ।

(ख) निर्दिष्ट समूहको निर्दिष्ट व्यावहारिक उद्देश्य प्राप्तिकालागि निर्दिष्ट विषय र विधि-द्वारा यथाशक्य अल्प अवधिको तालीम दिने ।

(ग) सैद्धान्तिक पक्षको ज्ञान बृद्धि हुने खालको तालीम, तालीम नभै कार्य गर्दा आइपर्ने व्यावहारिक पक्षको समस्यामूलक सीप प्रदान गर्ने खालको हुनेछ ।

(घ) अन्य शैक्षिक संस्थाहरूद्वारा प्रदान गरिने औपचारिक र विषयको निर्दिष्ट सीप उपलब्ध गर्ने खालको हुनेछ । औपचारिक शिक्षा हासिल गर्ने मौका नपाएका ग्रामीण क्षेत्रका पेशेवार अगुवाहरू र कार्य क्षेत्रमा काम गरिरहेका विकास कार्यकर्ता एवं अधि-कृतहरू यस प्रशिक्षण केन्द्रका प्रशिक्षार्थी हुनेछन् ।

व्यवस्थाको समृद्ध तथा संरक्षणका निमित्त आवश्यकता अनुसारको राजनैतिक तालीम दिने प्रमुख कार्यक्रम हुनेछ । पंचायत क्षेत्रको स्थानीय स्रोतको परिचालन र पंचायत क्षेत्रमा गरिने आर्थिक, सामाजिक तथा निर्माण आयोजनाहरुकालागि आवश्यक पर्ने जनशक्ति अनौपचारिक प्रशिक्षणद्वारा उपलब्ध गर्ने व्यवस्था हुनेछ । यस सन्दर्भमा गाउंघरमा त्यसै खेर गैरहेको सामान्य जनशक्तिलाई निर्दिष्ट विषयको अल्पकालीन तालीम दिई दक्ष शिल्प-युक्त जनशक्तिमा परिणत गरिने छ । साथै विकासका नवप्रवर्तकहरूलाई पंचायत क्षेत्रमा प्रसार गर्ने प्रक्रियाको कार्यविधि सम्बन्धी सीप पनि प्रदान गरिने छ । समाजसेवा र पंचायत व्यवस्था अनुरूप आचरण गर्ने मनोवृत्ति अभिबर्द्धन गर्ने प्रशिक्षणको मुख्य दर्शन हुनेछ । उच्च स्तरको तालीमका लागि केन्द्रीय स्तरमा पनि एक केन्द्रीय प्रशिक्षण केन्द्रको स्थापना गर्ने व्यवस्था गरिनेछ । यस्मा बुद्धिजीवी समाजलाई व्यवस्था सम्बन्धी बौद्धिक आधार उपलब्ध हुन सक्ने किसिमका कार्यक्रम राखिएका छन् । पारस्परिक समझदारी र समन्वयको अभि-बृद्धि गर्ने ध्येयबाट यसको संचालन गरिनेछ । आवश्यकता हेरी हालका अग्रणी प्रशिक्षण केन्द्रहरूको कार्यक्षेत्रको विस्तारका साथै स्तर बृद्धि गर्न सकिनेछ ।

प्रशिक्षण केन्द्रमा निम्न लिखित किसिमको तालीमको व्यवस्था गरिनेछः–

१. पञ्चायती राजनैतिक व्यवस्थाको आवश्यकता अनुकूल तालीमको व्यवस्था गर्ने ।

२. पञ्चायत मूलक विभिन्न स्तरीय प्रशिक्षण पारस्परिक समझदारी समन्वय र सहयोग बढाउने, गोष्ठी, सम्मेलन आदिको व्यवस्था गर्ने ।

३. पञ्चायत व्यवस्था अनुकूल आयोजनाहरूको प्रसार गर्ने प्रक्रिया सम्बन्धी सीप प्रदान गर्ने ।

४. पञ्चायत क्षेत्रको स्थानीय स्रोतको परिचालन, रोजगार, उत्पादन र आयबृद्धि गर्ने । आवश्यक कार्यमूलक सीप प्रदान गर्ने ।

५. पञ्चायत मूलक मनोवृत्तिको विकास सम्बन्धी अभ्यास गर्ने ।

६. समाज कल्याण कार्य सम्बन्धी सामाजिक कार्यकर्ताहरूलाई समाज कल्याण सम्बन्धी प्रशिक्षण दिने ।

७. गाउँ स्तरका सामाजिक तथा आर्थिक विकास सम्बन्धी विभिन्न आयोजनाहरूको संचालन गर्ने बारे संगठनात्मक सीपको तालीम दिने ।

८. गाउँ स्तरमा संचालन गरिने सामाजिक तथा आर्थिक विकास सम्बन्धी आवश्यक स-साना प्राविधिक सीपहरू (अध्ययन गर्न अवसर नपाएका वास्तविक व्यावसायिक अगुवाहरूलाई) प्रदान गर्ने ।

९. पञ्चायतहरूमा खटी काम गर्ने बैतनिक तथा अबैतनिक कार्यकर्ताहरूलाई कार्यालय सञ्चालन बैठकसञ्चालन र पञ्चायत क्षेत्रको योजना तर्जुमा एवं सञ्चालन सम्बन्धी प्राबिधिक ज्ञान प्रदान गर्ने ।

१०. पञ्चायत क्षेत्रबाट स्थानीय स्रोत परिचालन र गाउँहरूमा पूंजी निर्माण गर्ने आवश्यक पर्ने सीप प्रदान गर्ने ।

११. गाउँ तथा जिल्ला स्तरमा सञ्चालन गरिने विकास कार्यक्रम र योजना तर्जुमा सम्बन्धी पञ्चहरूलाई अनुशिक्षण तालीम दिने ।

## अनुसन्धान शाखा

१. पञ्चायती व्यवस्थाको राजनैतिक, आर्थिक र सामाजिक पक्षमा आएका अथवा आउन खोजेका परिवर्तनको विश्लेषण गर्ने । व्यवस्थाले हासिल गर्न खोजेको मूल उद्देश्य प्राप्तिका लागि अपनाउनु पर्ने कार्यक्रम तालीम तथा प्रशासकीय व्यवस्था आदि सम्बन्धी कार्य अनुसन्धान गर्ने गराउने ।

२. पञ्चायती व्यवस्थालाई फस्टाउने उद्देश्यले सञ्चालन गरिएका विभिन्न कार्यक्रम र योजनाहरूद्वारा व्यवस्थाको अभिबर्द्धनको प्रक्रियामा पर्ने प्रभाव संबन्धमा अनुसन्धानात्मक मूल्यांकन गर्ने ।

३. जनसहभागिता, जनताको संलग्नता र स्थानीय स्रोतको परिचालन तथा ग्रामीण क्षेत्रमा स्वचालित विकासको प्रक्रियाका निमित्त आइ परेको कठिनाई सम्बन्धी अनुसन्धान गर्ने र आवश्यक सुझाव दिने ।

४. पञ्चायत क्षेत्रमा लागू गरिने योजना, नियम र प्रशासकीय व्यवस्था आदिबाट स्थानीय जनतामा र पञ्चायतहरूको सगठनात्मक विकासमा पर्न सक्ने प्रभाव बारे अग्रिम प्रयोग गरी नतिजा अध्ययन गर्ने ।

५. पञ्चायत क्षेत्रमा सञ्चालन गर्न सकिने आर्थिक, सामाजिक योजना तथा स्थानीय स्रोतहरूको परिचालन सम्बन्धी सम्भाव्य उपायहरूको खोजी गर्ने गराउने ।

# विविध

१. जिल्लासभा सदस्यले गाउँ र जिल्लाको बीच कडीको रूपमा भूमिका खेल्नु पर्ने हुन्छ अतः उनले गाउँ पञ्चायतको बैठकमा जिल्ला सभामा भएका निर्णयको नियमित जानकारी गराउने र जिल्ला सभाको बैठकमा गाउँ पञ्चायतका गतिविधि र समस्याको प्रतिवेदन प्रस्तुत गर्ने ।

२. गाउँ सभाको बैठक पञ्चायतको संस्थात्मक विकासमा अत्यन्त आवश्यक तत्व हो । गाउँ सभा नबस्ने गरेको गाउँको स्थिति अध्ययन गरी देखिएका समस्याको निराकरण गराई गाउँ सभाको बैठक बसाउने बारे आवश्यक व्यवस्था गर्ने ।

३. वर्गीय संगठनका सचिव र कोषाध्यक्षहरू पनि निर्वाचनको माध्यमबाट आउने भएकाले संगठनहरूको दैनिक कार्यकलापमा समेत बाधा परेको पाइन्छ । त्यसकारण वर्गीय संगठनका सचिव र कोषाध्यक्ष कार्य समिति वा सभापतिको सिफारिस लिई माथिल्लो निकायमा निर्वाचनमा भाग लिन नपाउने गरी मनोनयन गर्ने परम्परा कायम गर्ने ।

४. आफ्नो सरोकार भएको निर्वाचन क्षेत्र अन्तर्गतका पञ्चायत इलाका भित्र सञ्चालन गरिएका अधुरा विकास आयोजनाहरूको समय समयमा रेखदेख गरी सहयोग प्राप्त गर्न आवश्यक अभियान चलाउने काममा पञ्च तथा महापञ्चहरूलाई विशेष संलग्न हुने गराउन आवश्यक परिबन्द मिलाउनु उपयोगी हुन्छ । आर्थिक अभावले गर्दा आयोजनाहरू अधुरा रहेका भएमा त्यसप्रति श्री ५ को सरकारले पनि थप आर्थिक अनुदान दिने दिलाउने व्यवस्था गर्नु पर्दछ । स्थानीय पञ्चायतहरूले सम्पन्न गरेको योजनाको मर्मत तथा सम्भार गरिनु पर्दछ । सो कामकालागि श्री ५ को सरकारले केही प्रतिशत अनुदान प्रदान गर्नु पर्दछ ।

५. तालीम प्राप्त कर्मचारीहरूलाई सरोकारवाला मन्त्रालयको स्वीकृति बिना अन्यत्र सरूवा गरिदिने परम्परा र प्रथाले गर्दा विकास कार्य सञ्चालन गर्न ठूलो बाधा उत्पन्न हुन गएको छ । अतः तालीम प्राप्त कर्मचारीहरूलाई अन्यत्र सरुवा गर्नु पर्दा सरोकारवाला मन्त्रालयको राय, परामर्श र स्वीकृति लिएर मात्र गराउने व्यवस्था हुनु राम्रो हुनेछ ।

६. अधिराज्यभरिका करीब ४ हजार गाउँ पञ्चायत ७५ वटा जिल्लापञ्चायत, विभिन्न वर्गीय संगठनका कार्यालय, गाउँ, जिल्ला, अञ्चल र क्षेत्रीय कार्यालयहरू तथा मन्त्रालय

अन्तर्गतका विभिन्न शाखा र विभागहरूमा काम गर्ने कर्मचारीहरूको स्वभाव सामान्य कर्मचारीहरूको जस्तो नभै पञ्चायती व्यवस्था अनुकूलको हुनु पर्छ। तसर्थ पञ्चायत सेवा गठन गरी सो सेवा अन्तर्गत राखी यस मन्त्रालयको उद्देश्य र कार्यनीति अनुरूप कर्मचारीहरूको मनोवृत्ति र व्यवहार हुनु पर्ने आवश्यक भएकोले पञ्चायत सेवा गठन गर्नु पर्ने देखिन्छ।

७. त्रिभुवन विश्व विद्यालयद्वारा संचालन गरिएको राष्ट्रिय सेवा कार्यक्रम अन्तर्गत विद्यार्थीहरूलाई पञ्चायत विकास कार्यक्रम र पञ्चायत र वर्गीय संगठनहरूको क्रिया-कलाप बारे व्यावहारिक अध्ययन गराउन तथा स्थानीय विकास कार्यक्रममा उनीहरूको पनि सक्दो योगदान शुरू अवस्था देखिनै बानी बसाल्दै लजान त्रिभुवन विश्व विद्यालय तथा पञ्चायत मन्त्रालयले संयुक्त र व्यापक कार्यक्रमको तर्जुमा गराउने व्यवस्था मिलाउने।

८. पञ्चायत तथा वर्गीय संगठनको राजनैतिक सामाजिक तथा आर्थिक पक्षहरूको सैद्धान्तिक तथा व्यावहारिक तथ्यहरू व्यवस्थित क्रमबाट संकलन गर्न केन्द्रीय स्तरमा अभिलेख संग्रहालय (डकुमेन्टेशन सेन्टर) को व्यवस्था गर्ने। उपर्युक्त डकुमेन्टेशन सेन्टरमा अन्य अभिलेखका साथै पञ्चायतको माध्यमद्वारा हुने समस्त विकास कार्यको तथ्यांक र राजनैतिक कार्यकर्ताको विस्तृत विवरण राख्ने व्यवस्था गर्ने।

९. विभिन्न विषयमा अर्धकुशल भूतपूर्व सैनिकलाई विकास कार्यमा संलग्न गराउन नियम कानूनमा आवश्यक संशोधन गराउने।

१०. पञ्चायती सन्दर्भमा काम गरेर अनुभव हासिल गरेका मानिसहरू सहुलियत पाउना साथ अरू मन्त्रालय विभागहरूमा सरुवा हुने भईरहेकोबाट मन्त्रालयलाई ठूलो क्षति भएकोछ। तसर्थ पञ्चायत सम्बन्धमा अनुभव भएका पढेलेखेका व्यक्तिहरू जहाँ भए पनि पञ्चायत मन्त्रालयले सहुलियत दिएर लिन सक्ने व्यवस्था हुनु पर्छ।

११. कार्यक्रमहरूको तर्जुमा एवं कार्यान्वयनको निमित्त ठूलो संख्यामा तालीम प्राप्त कर्मचारीहरू र अन्य साधन चाहिने हुन्छ। यसको अतिरिक्त गाउँ, नगर, जिल्ला, अञ्चल र क्षेत्रीय स्तरमा प्रशासनिक इकाईहरूको स्थापना गर्नु पनि जरूरी हुन्छ। यी सबै व्यवस्थाहरू एकै पल्ट मिलाउन कठिन हुने भएकोले विभिन्न चरणमा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नु गराइनु पर्छ।

# पंचायत ब्यवस्थाको व्यावहारिक पक्षमा देखापरेका केही समस्याहरू

पञ्चायती व्यवस्थाका विभिन्न तहमा गठित संस्थाहरूले व्यवस्थाको सिद्धान्त र उद्देश्य अनुरूप कार्यकलापहरू गर्दै आएको र पञ्चायत व्यवस्था देशका निमित्त निर्विकल्पसिद्ध भएको सर्वविदित छ । सिद्धान्तको व्यवहारीकरणमा केही कठिनाईहरू उत्पन्न हुन्छन् । यस्ता कठि-नाईहरू संस्थात्मक संगठनात्मक र कार्यात्मक पनि हुन्छन् । पञ्चायत तथा वर्गीय संगठनको विभिन्न तहमा कार्यरूपमा र संगठनात्मक रूपमा पनि केही समस्याहरू देखा परेका छन् । यी कठिनाईहरू तिर समुचित दृष्टि दिइएमा सामयिक सुधार गर्न सकिने सम्भावना तीव्र हुने कुरा निर्विवाद छ । वर्तमान अवस्थामा पञ्चायत, वर्गीय संगठन र स्थानीय विकास कार्यक्रममा निम्नाङ्कित समस्याहरू देखा परेका छन्:–

(क) राष्ट्रिय पञ्चायत सम्बन्धी:–

१. राष्ट्रिय पञ्चायत सदस्य पदको निर्वाचनको समयमा मात्र जिल्ला पञ्चायतसंग राष्ट्रिय पञ्चायत सदस्यहरूको सक्रिय सम्बन्ध हुन आउँछ । तर अन्य समयमा रा. पं. स. र जिल्ला पञ्चायतमा कुनै किसिमको कार्यात्मक सम्बन्ध स्थापित गर्न सकिने प्रभावकारी माध्यमको व्यवस्था नभएकोले रा. पं. स. हरूलाई वाञ्छित मात्रामा जनमुखी हुनुमा कठिनाई भैरहेको छ ।

२. व्यवस्थाको परिधि भित्र रहेर पनि उच्च तहका पञ्चहरूमा व्यवस्थाको आधारभूत सिद्धान्तमा वैचारिक एकताको अभाव देखिएको छ ।

३. व्यक्तिगत स्वार्थबाट प्रेरित गुटबन्दीले व्यवस्थाको उपल्लो तहसम्म प्रवेश गरी व्यवस्थाको मूलभूत सिद्धान्त खलबल्याउने कोशिश गरेको आभास पाइन्छ ।

४. राष्ट्रिय पञ्चायत सदस्य पदको वर्तमान चुनाव खर्चिलो हुँदै गएकोले जनतासंग

मिली काम गर्ने कर्मठ तर आर्थिक अभाव भएका पञ्चहरूको संख्या व्यवस्थाको उच्च तहमा तुलनात्मक रूपबाट कम हुँदै गएको देखिन्छ ।

५. व्यवस्थाको विभिन्न तहमा चुनाव लड्ने पञ्चहरूलाई चुनाव भन्दा अघि पञ्चायतको सदस्यता प्राप्त गर्ने न्यूनतम अवधिको निवास तथा कार्य सम्बन्धी शर्तहरू पूरा गर्ने बाध्यता नभएकोले पनि व्यवस्थाको उच्च तहमा कर्मठ र जनमुखी पञ्चहरूले अपेक्षित मौका पाइरहेका छैनन् ।

६. पञ्चायतको निर्वाचनमा पराजित पञ्चहरूलाई पनि संरक्षण दिने र सक्रिय तुल्याउने व्यवस्था छैन ।

(ख) जिल्ला पञ्चायत सम्बन्धी

१. जिल्ला सभा सदस्यको गाउँ पञ्चायत प्रति पूर्णरूपले उत्तरदायित्व स्थापित हुन जिल्ला सभा तथा जिल्ला पञ्चायतमा गाउँ पञ्चायतको वास्तविक समस्या र वस्तु स्थितिको प्रतिबिम्ब हुन नसकेको देखिन्छ ।

२. विकेन्द्रीकरणको सिद्धान्त अनुसार जन–प्रतिनिधिहरूलाई व्यवस्थाको प्रत्येक तहमा क्रमिक रूपबाट शरीक गराउंदै लैजाने व्यवस्थाले नीति अपनाएको छ तर सो अनुरूप योजना बद्धरूपबाट जन–प्रतिनिधिहरूलाई व्यवस्थाको प्रत्येक तहमा शरीक गराउंदै लैजाने स्पष्ट कार्यक्रमको अभावमा पञ्च एवं प्रशासनको बीच समय समयमा अधिकार कर्तव्यबारे बेसमझदारी र खीचातानीका समस्याहरूलाई परेका छन् ।

३. चुनाव सम्बन्धी मतभेद लिएर जिल्ला र गाउँको बीच वैमनस्य उत्पन्न भई विकास अनुदानको वितरणमा समेत बाधा उत्पन्न भएको आभास पाइन्छ ।

४. जिल्ला सभाकोषको स्थायी स्रोतको विकास हुन सकेको छैन । फलत कतिपय जिल्लामा कोषको संकट रहेको हुंदा र जिल्ला सभाले अपेक्षित कार्य गर्न सकेको छैन ।

५. विभिन्न कारणले कतिपय जिल्लामा नियमित रूपले जिल्लासभाको बैठक नबसेको देखिन्छ ।

६. जिल्ला र गाउँ तथा नगरस्तरका पञ्चायतहरू र वर्गीय संगठनहरूको बीच कार्यात्मक अन्तर सम्बन्ध नभएकोले विकास कार्यमा वर्गीय संगठनलाई शरीक गराउन नसकिएको देखिन्छ ।

(ग) गाउँ पञ्चायत सम्बन्धीः–

१. गाउँ सभाको स्थायी तथा पर्याप्त आर्थिक स्रोतको अभाव एउटा मूल समस्या देखिन्छ ।

२. गाउँ पञ्चायत कार्यालय भवन र स्थायी रूपमा नियुक्त सचिवको अभावले गा. पं. ले गर्नु पर्ने प्रशासकीय कार्य र राखिनु पर्ने अभिलेख व्यवस्थित हुन नसकेको देखिन्छ ।

३. गाउँ सभाको बैठक नियमित रूपले नहुने गरेको देखिन्छ । फलस्वरूप विकास कार्यमा

जन–सहभागको मात्रा घटेको पाइन्छ ।

४. जनताको जागरण साधन भएका ठाउंमा पनि आवश्यक प्राविधिक सहयोग पुऱ्याउन नसकिएकोले जनताको उत्साहमा ठेस लागेको छ ।

५. विकेन्द्रीकरणको सिद्धान्त अनुरूप क्रमिक रूपमा गाउं पञ्चायतलाई अधिकार प्रत्यायोजन हुनुपर्नेमा त्यसको विपरीत दिइएका अधिकार पनि खिकिने परम्परावाट पञ्चहरूमा नैराश्य व्याप्त छ ।

६. निर्वाचनमा धांधली भयो भन्ने पञ्चहरूमा गुनासो बढेको पाइन्छ ।

(घ) वर्गीय संगठन सम्बन्धीः–

१. वर्गीय संगठनको राजनैतिक उद्देश्य तथा कार्यक्रमको स्पष्ट किटान हुनसकेको छैन ।

२. संगठन सम्बन्धी ऐन विधानले पनि व्यवधान उपस्थित गरेकोले समन्वयको सिद्धान्तमा आधारित हाम्रा संगठनहरूको ढांचा र त्यस्को विधिविधानमा आवश्यक संशोधन र परिवर्तन हुनुपर्दछ ।

३. वर्गीय हितको व्याख्या हुन सकेको छैन ।

४. विभिन्न स्तरमा पञ्चायत र वर्गीय संगठनको बीच कार्यात्मक अन्तर सम्बन्ध स्थापित हुन नसकेकोले पञ्चायत र वर्गीय संगठनको बीच असामन्जस्यको वातावरण बढेको पाइन्छ ।

५. वर्गीय संगठनको स्थायी आर्थिक स्रोतको व्यवस्था भएको छैन फलस्वरूप संगठनले व्यापक कार्यक्रमको संचालनभार ग्रहण गर्न सकेको छैन ।

६. जन साधारणलाई संगठनमा धेरै मात्रामा सम्मिलित गराउन संगठनात्मक बाध्यता र प्रयास नभएकोले संगठनमा अपेक्षित व्यापकता आउन सकेको छैन ।

७. कार्यक्रमको अभावमा निर्वाचनको समयमा बाहेक संगठन प्रायः निष्क्रिय रहेका पाइन्छन् । फलस्वरूप संगठनका कार्यकर्ताहरूमा नैराश्यको भावना व्याप्त छ ।

(ङ) विकास कार्यक्रम सम्बन्धीः–

१. विकेन्द्रीकरण अनुरूप जिल्ला तथा गाउं पञ्चायतलाई योजनाबद्ध रूपमा विकास कार्य सम्बन्धी अधिकार र कर्तव्य क्रमिक रूपबाट नदिएको हुंदा जिल्ला पञ्चायत र गाउं पञ्चायतले स्थानीय विकास कार्यमा बढी उत्तरदायित्व वहन नगरेको देखिन्छ ।

२. स्थानीय स्तरका सम्बन्धित विभिन्न विकास कार्यक्रमहरूमा समन्वयको अभावका साथै साधनको परिचालनमा दोहोरोपन र अपव्यय भइरहेको पाइन्छ । जिल्ला पञ्चायत-लाई उक्त कार्यक्रमहरू कार्यान्वयन गर्ने आवश्यक नेतृत्व लिने वातावरणको सृजना गर्ने गराउनेमा पनि कम प्रयास भएको देखिन्छ ।

३. राष्ट्रिय योजनामा पञ्चायत क्षेत्र छुट्टयाएतापनि पञ्चायत क्षेत्रलाई अपेक्षित महत्व दिइएको छैन । उदाहरणस्वरूप पञ्चायत क्षेत्रलाई राष्ट्रिय योजना अन्तर्गत छुट्टयाइ-एकै सरकारी रकम निकै अपर्याप्त छ तथा पञ्चायत मन्त्रालय बाहेक अन्य मन्त्रालय-

बाट स्थानीय विकासका निमित्त गरिने कार्यक्रममा पञ्चायतलाई सरिक गराउँदै छ ।

४. जिल्ला र गाउँस्तरीय विकास योजनाको बीच कडी स्थापना गरी उक्त योजनाहरूको रेखदेख पुऱ्याउन आवश्यक विकास कार्यकर्ताहरूको कमी भएकोले पनि स्थानीय विकास कार्यक्रम कार्यान्वियनमा बाधा परेको देखिन्छ ।

५. जिल्ला र गाउँस्तरीय विकास योजनाको बीच कडी स्थापना गरी उक्त योजनाको रेखदेख पुऱ्याउन आवश्यक विकास कार्यकर्ताहरूको कमी भएकोले पनि स्थानीय विकास कार्यक्रम कार्यान्वियनमा बाधा परेको देखिन्छ ।

६. योजना छानवीन समितिको वरिष्ठ पञ्चहरूमा गुनासो व्याप्त छ ।


७. केन्द्रीयस्तरमा विकास कार्यक्रमको समन्वयको अभाव छ ।

८. विभिन्न मन्त्रालय तथा विभाग अन्तर्गत सम्बन्धित विषयमा प्राप्त कर्मचारीहरूलाई सरोकारवालाको परामर्श विना अन्यत्र सरूवा गराई दिने परिपाटीले विकास कार्य-क्रममा समस्या उत्पन्न गराएको छ । यसले गर्दा उचित ठाउंमा उचित व्यक्ति हुन पाउँदैन र जुनसुकै कार्यक्रमले निर्धारित लक्ष्यमा पुग्न नसक्ने हुन्छ । राजनैतिक परिचालनमा प्रशासनिक क्षमताको अभाव उक्त परिचालनमा ह्रास ल्याउने एउटा प्रमुख कारण हो । मन्त्रालयको उत्तरदायित्व र कर्तव्य प्रति उत्तरदायित्व लिने र मन्त्रालय प्रति वफादार हुनु पर्ने आवश्यकता प्रति उदासीन हुने यस व्यवस्थाबाट युद्धस्तर ( वारफुटिंग ) मा हुनु पर्ने राजनैतिक परिचालनमा सर्वत्र व्यवधान उपस्थित भएकोले यसको लागि समुचित व्यवस्था हुनु पर्ने वर्तमान राजनैतिक स्थितिमा अनिवार्य भएको देखिन्छ ।

९. मन्त्रालयबाट संचालन गरिने राजनैतिक, आर्थिक तथा सामाजिक योजना एवं कार्यक्रमहरूको लागि आवश्यक पर्ने तथ्याङ्कको कमी देखिएको छ ।



7899


पञ्चायती व्यवस्थाको अभिवृद्धि
राजनैतिक पक्षको विकास
सामाजिक र भौतिक पक्षको विकास
स्थानीय स्रोतको परिचालन
सम्बर्धनात्मक
संरक्षणात्मक
भौतिक
मानवीय
प्रचार प्रसार व्यवस्था
संगठनात्मक व्यवस्था
प्रशासकीय व्यवस्था
आर्थिक व्यवस्था
जन सम्पर्क
साधन
आर्थिक स्रोत
पूंजी निर्माण
नेतृत्व विकास
प्राविधिक सीप
सोचाइको व्यापकता
प्रचार प्रसार व्यवस्था
संगठनात्मक व्यवस्था
प्रशासकीय व्यवस्था
आर्थिक व्यवस्था
जन सम्पर्क
(पञ्चायत क्षेत्रको)
भौतिक विकास
सामाजिक विकास
दुर्गम क्षेत्र विकास
समाज कल्याण
न्यूनतम भौतिक सुविधा
रोजगारी आय र उत्पादन वृद्धि
न्यूनतम सुविधा
सामाजिक सम्मिश्रण
सोचाइको व्यापकता
हिमालीकला धर्मको विकास
सृजनात्मक प्रतिभाको विकास
नेतृत्व र सहकारिता को विकास
उत्तरदायित्व बहन गर्ने दक्षतामा वृद्धि
सामाजिक सम्मिश्रण
समन्वय
पुनरुत्थान
संरक्षण
विकास

मुद्रकः- आदर्श छापाखाना, थापाथली, काठमाडौं । फोन नं. १३४१४